# कार्यपालिकाको निर्णय
# प्रमाणित पुस्तिका
# वैठक संख्या - १०।२०७५-०७६

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

Contact No:- 9852080500 (Chairperson), 9852080600 (Chief Administrative Officer), 9852080700 (Vice Chairperson)

E-mail:-fedap.ruralmun@gmail.com

Facebook:- http://www.facebook.com/fedap.rural.municipality

Website:- http://www.phedapmun.gov.np

फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लाबाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

यस गाउँ कार्यपालिकाका अध्यक्ष श्री हरी प्रसाद चोङवाङ (लिम्बु) ज्यूको अध्यक्षतामा, कार्यपालिकाका १३ जना सदस्यको उपस्थितिमा कार्यपालिकाको वैठक (वैठक संख्या – १०।२०७५-०७६) मिति २०७५।०८।२५ गते मंगलबार गाउँ कार्यपालिकाको कार्यालयमा सम्पन्न भई निम्नानुसारको निर्णय भएको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा १ (ज) को अधिनमा रही प्रमाणित गरेको छु ।

निम्नः

**१. पोक्लाबाङ स्वास्थ्य चौकीमा कार्यरत का.स. गीता न्यौपाने भण्डारीको राजिनामा स्विकृत सहित नयाँ कर्मचारी नियुक्ति संवन्धमा**

यस गाउँपालिकाको कार्यालयको च.नं. ७३५, मिति २०७५।०३।१० को पत्रानुसार नियुक्त भई च.नं. ७७, मिति २०७५।०५।१२ को पत्रानुसार करार नविकरण हुनुभएको पोक्लाबाङ स्वास्थ्य चौकीमा कार्यरत का.स. गीता न्यौपाने भण्डारीले ०७५।०८।२० मा पोक्लाबाङ स्वास्थ्य चौकीमा पेश गर्नु भएको राजिनामा पत्रलाई स्वीकृत गर्दै निज स्वास्थ्य चौकीमा नियमित रुपमा हाजिर हुनु भएको मिति कार्तिक १९ गते सम्मको मात्र तलवभत्ता दिने र रिक्त रहेको पदमा आ.ब. २०७४।०७५ मा गठित पोक्लाबाङ स्वास्थ्य चौकीमा कार्यालय सहयोगी पदपुर्ति समितिको मिति २०७५।०३।०८ को निर्णयानुसार अन्तिम नतिजा प्रकाशित गर्दा सिफारिस भएको १ नं. बैकल्पिक उम्मेद्वार फेदाप – ५ निवासी श्री इन्द्र प्रसाद भट्टराईको छोरा श्री प्रकाश भट्टराईलाई २०७६ असार मसान्त सम्मको लागि सेवा करारमा नियुक्त गर्ने । र निजलाई स्वास्थ्य चौकीमा का.स. पदले पाउने सेवा सुविधा उपलब्ध गराउने ।

**२. पर्यटनको गुरु योजना (Master Plan) तर्जुमा संबन्धमा**

यस गाउँपालिकाको आ.ब. २०७५।०७६ को स्विकृत बार्षिक योजना अनुसार यस गाउँपालिकालाई पर्यटनको माध्यमबाट आर्थिक रुपमा संवृद्ध बनाउनको लागि निम्नानुसारको पर्यटकीय क्षेत्रहरु पहिचान गरी उक्त क्षेत्रहरुको विस्तृत परियोजना प्रस्ताव (DPR) सहित एकिकृत गुरु योजना (Master Plan) तर्जुमा गर्न आवश्यक प्रकृया अगाडी बढाउने ।

निम्नः

१. ह्यात्रुङ झरना
२. चिचिलिङ पोखरी (भ्यागुत्ते ढुंगा सहित)
३. गुल्ढुङ डाँडा
४. भैंसे पोखरी
५. मझौ गुफा
६. मांगेनायक
७. भगवती डाँडा

०७५/८/२५